# नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

**(प्रथम पटक प्रकाशित मितिः २०७६/०४/०५)**

**बिषयः <u>कर्मचारी आवश्यकता सम्बन्धि सूचना</u> ।**

प्रस्तुत बिषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा, काठमाडौंको मिति २०७६/०२/०९ गतेको प्राप्त पत्रानुसार तथा यस गाउँपालिकाको निर्णयानुसार तपसिलका पदहरु करारमा नियुक्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हानका लागि यो ७ (सात) दिने सार्बजनिक सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ तथा दरखास्त आइपुग्ने अन्तिम दिनमा सार्बजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय संचालन भएको समयभित्र आवेदन पेश गर्न जानकारी गराइन्छ ।

<u>तपसिल</u>ः

१) गणकः ४ (चार) जना

२) सुपरिबेक्षकः १ (एक) जना

**१) आवश्यक न्युनतम शैक्षिक योग्यता**

क) <u>सुपरिबेक्षकका लागि</u>

- मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषय सहित कुनै बिषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको ।
- १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- सम्बन्धित स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिईनेछ ।

ख) <u>गणकका लागि</u>

- मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषय सहित कुनै बिषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको ।
- १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- सम्बन्धित स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिईनेछ ।

**२) पारिश्रमिक तथा अन्य सुबिधाहरु मन्त्रालयले तोके बमोजिम हुनेछ ।**

**३) अन्य आवश्यक कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- न्युनतम शैक्षिक योग्यताको प्रतिलिपि
- दरखास्त फाराम सहित २(दुई) प्रति पासपोर्ट साइजको फोटो
- दरखास्त फाराम कार्यालयबाट उपलब्ध हुनेछ ।

४) **परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तरबार्ता ।

५) **दरखास्त फाराम दस्तुरः** सुपरीबेक्षकको लागि रु. १०००/- र गणकको लागि रु. ४००/-

६) **अन्तिम दरखास्त मितिः** २०७६ साल श्रावण १२ गते बेलुका कार्यालय समयसम्म ।

७) **परिक्षा मितिः** २०७६ साल श्रावण १४ गते बिहान ११:०० बजे ।

८) **सम्पर्क व्यक्तिः** प्र.प्र.अधिकृत श्री गणेश प्रसाद कोइराला, मोबाइल नं. ९८०२५४५८७०,९८६८०३२९१२

**गणेशप्रसाद कोइराला**

प्रमुख प्रशासकिय अधिकृत